बचत फिर्ता, ऋण असुली तथा सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८३

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट स्वीकृत मितिः
२०८३।०२।२६

प्रस्तावनाः नेपाल सरकारबाट घोषणा गरिएको समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न गठित समितिको कार्यप्रक्रियालाई पारदर्शी र थप व्यवस्थित गर्न, बचतकर्ताको बचत फिर्ता, ऋण असुली प्रक्रिया तथा समस्याग्रस्त सहकारीको सम्पत्ति व्यवस्थापन प्रक्रियालाई कानूनी निश्चितता प्रदान गरी व्यवस्थित गर्न आवश्यक भएकोले सहकारी ऐन, २०७४ को दफा १०६ को खण्ड (ड१) ले दिएको अधिकार प्रयोग गरी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "बचत फिर्ता, ऋण असुली तथा सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मितिदेखी प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "अधिकृत कर्मचारी" भन्नाले समितिको स्वीकृत दरबन्दीका कुनै अधिकृतस्तरको कर्मचारी सम्झनुपर्छ र सो शब्दले समितिमा कामकाजका लागि काजमा खटिएका वा करारमा नियुक्त भएका अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(ग) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) "ऋणी" भन्नाले समस्याग्रस्त सहकारीबाट ऋण लिएका समस्याग्रस्त सहकारीका सदस्य, सञ्चालक वा अन्य व्यक्ति सम्झनु पर्छ।

(ङ) "चक्रिय राहत कोष" भन्नाले ऐनको दफा १०८ख. बमोजिम स्थापना भएको कोष सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले पति, पत्नि, छोरा, बुहारी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी, दिदी, बहिनी, बाजे, बजै तथा अंश लिई अलग भएको वा सम्बन्ध विच्छेद गरी बसेको पति वा पत्नि र तिनीहरुका परिवारका सदस्य समेतलाई सम्झनु पर्छ ।

(छ) "बचतकर्ता" भन्नाले समस्याग्रस्त सहकारीमा बचत कायम रहेका समस्याग्रस्त सहकारीका सदस्यलाई सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले ऐनको दफा १०५ बमोजिम गठित समस्याग्रस्त सहकारी व्यवस्थापन समिति सम्झनु पर्छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(ञ) "समस्याग्रस्त सहकारी" भन्नाले ऐनको दफा १०४ बमोजिम मन्त्रालयले समस्याग्रस्त सहकारीका रुपमा घोषणा गरेको कुनै वा सबै सहकारी सम्झनु पर्छ।

(ट) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(ठ) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(ड) "साना बचतकर्ता" भन्नाले समस्याग्रस्त घोषित सहकारीमा पाँच लाख रुपैँयासम्म बचत भएका बचतकर्ता सम्झनु पर्छ।

परिच्छेद-२

बचत मागदाबी तथा बचत फिर्ता सम्बन्धी व्यवस्था

३. **मागदाबी सङ्कलन गर्ने** : (१) समितिले अवधि तोकि बचतकर्तालाई आफ्नो बचत रकम अनलाइन प्रणालीमार्फत दाबी गर्न सूचना प्रकाशन गर्नेछ।

(२) बचतकर्ताले उपदफा (१) बमोजिम मागदाबी गर्दा अनुसूची-१ बमोजिमको विवरण तथा प्रमाणको स्क्यान प्रति संलग्न गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम मागदाबी गर्दा एकै व्यक्तिले एउटै संस्थामा एकपटक भन्दा बढी मागदाबी गर्न पाउने छैन।

(४) उपदफा (१) र दफा (४) को उपदफा (२) बमोजिम प्राप्त मागदाबीको मागदाबी गरिएको बचत रकम, फिर्ता पाउने बचत रकम वा अन्य उपयुक्त आधारमा वर्गीकरण गरी एकीकृत विवरण तयार गरिनेछ।

(५) उपदफा (४) बमोजिमको विवरण अधिकृतबाट प्रमाणित गरी राखिनेछ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(६) उपदफा (५) बमोजिम प्रमाणित विवरण सदस्य सचिवले समिति समक्ष पेश गर्नुपर्नेछ।

४. **पुनःमागदाबी सम्बन्धी** : (१) दफा (३) को उपदफा (१) बमोजिमको अवधिमा मागदाबी गर्न छुट भएका बचतकर्वाताले पुनःमागदाबी पेश गर्न पाउने गरी समितिले सूचना प्रकाशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम मागदाबी गर्दा दफा ३ बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ।

(३) दफा (३) को उपदफा (१) बमोजिम गरेको मागदाबीमा तात्विक फरक परेकोले बचतकर्ता मर्कामा परेको भनी निवेदन परेमा समितिले आवश्यक प्रमाण बुझि सम्बन्धित बचतकर्तालाई मागदाबी संशोधन गर्न पाउने गरी अनुमती दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमति पाएका बचतकर्ताको मागदाबी सम्बन्धित अधिकृत कर्मचारीले संशोधन गरिदिनु पर्नेछ।

५. **बचत फिर्ता सम्बन्धी** : (१) दश हजार वा सो भन्दा कम बचत हुने बचतकर्ताको मागदाबी अनुसारको बचत रकम क्रमशः फिर्ता गरिनेछ ।

तर दश हजारभन्दा बढी मागदाबी भएका बचतकर्तालाई सम्बन्धित समस्याग्रस्त सहकारीको कोषमा भएको मौज्दात रकमबाट मागदाबीमा नबढ्ने गरी समान रुपले फिर्ता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बचत फिर्ता गर्दा दफा ३ को उपदफा (४) बमोजिमको विवरणलाई आधार मानिनेछ ।

(३) यस दफा बमोजिम बचत फिर्ता गर्ने प्रयोजनको लागि कार्यविधि बमोजिम तत्काल बचत फिर्ता पाउन योग्य बचतकर्ताको विवरण अधिकृत कर्मचारीले प्रमाणित गरी सदस्य सचिव मार्फत अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ।

(४) यस दफा बमोजिम बचत फिर्ता गर्दा अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालित सम्बन्धित समस्याग्रस्त सहकारीको बैङ्क खाताबाट सम्बन्धित बचतकर्ताको बैङ्क खातामा दोहोरो नपर्ने गरी भुक्तानी गरिनेछ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बचत फिर्ताको सम्बन्धमा देहायको अवस्थामा देहायबमोजिम गरिनेछ :

(क) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि बचत फिर्ता पाइसकेका बचतकर्तालाई बचत मागदाबीमा नबढ्ने गरी समान रुपले बचत फिर्ता गर्दा पहिले फिर्ता पाइसकेको बचत रकम कार्यविधि बमोजिम पाउन सक्ने अधिकतम हदमा घटाई बाँकी देखिने रकम भन्दा बढी नहुने गरी बचत फिर्ता गर्ने,

(ख) कुनै समस्याग्रस्त सहकारीमा एकभन्दा बढी बचत खाता रहेको भए कुनै एक खातालाई आधार मानी बचत फिर्ता दिइने,

(ग) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि बचत फिर्ता वापत अचल सम्पत्ति लिई केही बचत बाँकी रहेका बचत कर्ताहरुको बचत फिर्ता कार्य तत्कालका लागि स्थगित राखिने,

(घ) बचत फिर्ता गर्दा सम्बन्धित समस्याग्रस्त सहकारीमा बचत रहेका र मागदाबी फाराम भरेका बचतकर्ता मध्ये असी वर्ष पूरा भएका, नेपाल सरकारबाट प्राथमिकता पाउने भनि तोकिएका गम्भीर प्रकृतिको रोग लागेका, एकल व्यक्ति, जनजाति, दलित र

पिछडिएका क्षेत्र वा वर्गका बचतकर्तालाई क्रमशः प्राथमिकता दिई बचत फिर्ता गरिने,

(ङ) बचत फिर्ताका मागदाबीहरुमध्ये नेपाल सरकारले तोकेका मष्तिस्कघात, मृगौला फेल, क्यान्सर आदि विभिन्न प्रकारका घातक रोगीहरु, असी वर्ष नाघेका वरिष्ठ जेष्ठतम नागरिकहरु, दृष्टिविहिन (फरक क्षमता) तथा (क) वर्गमा पर्ने अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले उपलब्ध गराएको प्रमाणपत्रको आधारमा सम्बन्धित समस्याग्रस्त सहकारीको असुली एवं निजहरुको तत्कालिन न्यूनतम आवश्यकतालाई हेरी वार्षिक रुपमा बढीमा पचास हजार रुपैंयासम्मको बचत फिर्ता दिन सकिने,

(च) बचत फिर्ता सम्बन्धमा अन्य शर्तहरु समितिले तोके बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम बचतकर्ताको फिर्ता गरिएको रकम सम्बन्धी विवरण मासिक रुपमा समिति समक्ष पेश गरी प्रमाणित गर्नु पर्नेछ।

६. **<u>तत्काल बचत फिर्ता नहुने</u>** : देहायका बचतकर्ताको बचत तत्काल फिर्ता हुने छैनः

(१) सम्बन्धित समस्याग्रस्त सहकारीको पहिचान भएका ऋणीले ऋण चुक्ता नगरेसम्म र पहिचान भएका सञ्चालक, पूर्व सञ्चालक, व्यवस्थापक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी तथा कर्मचारी वा निजहरुका परिवार, पहिचान भएका बचत अपचलन वा दुरुपयोगकर्ता

र तिनीहरुका परिवारका सदस्यहरुको बचत अन्य बचतकर्ताको बचत फिर्ताको कार्य फरफारक नभएसम्म ।

(२) अदालतमा मुद्दा विचाराधिन रहेका बचतकर्ताको बचत फिर्ताको सम्बन्धमा सम्मानित अदालतको अन्तिम आदेश वा फैसला नभएसम्म ।

(३) समितिबाट पहिचान भएका ऋणीको जमानी बसेका बचतकर्ताको बचत सम्बन्धित ऋणीको ऋण चुक्ता नभएसम्म ।

(४) बचतकर्ताको मृत्यु भएमा वा वेपत्ता भएमा कानून बमोजिम हकवाला स्थापित हुने आधार प्रमाण पेश नगरेसम्म ।

(५) समस्याग्रस्त सहकारीमा अन्य कुनै आर्थिक दायित्व बाँकी रहेको फेला परेमा उक्त दायित्व फरफारक नगरेसम्म ।

(६) बचत फिर्ता पाउने व्यक्तिको बैङ्क खाता रोक्का भएको।

७. **<u>सोधभर्ना सम्बन्धी व्यवस्थाः</u>** (१) नेपाल सरकारबाट चक्रिय राहत कोष मार्फत प्राप्त हुने रकम बचत फिर्तामा प्रयोग भएको अवस्थामा प्रयोग भएको रकमको सोधभर्ना सम्बन्धित समस्याग्रस्त सहकारीको खातामा जम्मा भएको मौज्दात रकमबाट गरिने छ ।

(२) उपदफा (१) बमोजिम शोधभर्ना गर्दा साना बचतकर्तालाई उपलब्ध गराइने रकम सम्बन्धित समस्याग्रस्त सहकारीको खातामा मौज्दात नभएमा सम्बन्धित समस्याग्रस्त सहकारीका सञ्चालक, पूर्व सञ्चालक, व्यवस्थापक, लेखा सुपरीवेक्षण समिति तथा उपसमितिका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारीबाट असूल गरी शोधभर्ना गरिने छ।

(३) उपदफा (२) बमोजिम शोधभर्ना गर्दा निजहरुको परिवारका वा समस्याग्रस्त सहकारीको बचत अपचलनमा संलग्न नातेदारको नाउँमा रहेको सम्पत्ति समेतबाट सरकारी बाँकी सरह दामाशाहीले हुने रकम असूल गर्न सकिने छ ।

परिच्छेद-३

ऋण असुली सम्बन्धी व्यवस्था

८. **ऋणको अभिलेख अद्यावधिक गर्ने** : (१) समस्याग्रस्त सहकारीको ऋण प्रवाह विवरण सम्बन्धित समस्याग्रस्त सहकारीबाट प्राप्त विवरण, स्थलगत सर्जमिन मुचुल्का, कम्प्युटर अभिलेख र नियमानुसार जफत गरिएका कागजात समेतका आधारमा अभिलेख खडा गरी प्रमाणित गरी राखिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण तथा अभिलेखमा पुनरावलोकन गर्नुपर्ने मनासिव आधार छ भन्ने समितिलाई लागेमा समितिले त्यस्तो अभिलेख पुनरावलोकन गरी अद्यावधिक गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त विवरण तथा अभिलेखमा अन्य आवश्यक कुराहरूको अतिरिक्त समस्याग्रस्त सहकारीमा ऋण दायित्व भएका व्यक्तिहरुले तिर्न बुझाउन बाँकी रहेको रकम समेत खुलाउनु पर्नेछ।

९. **ऋण असुली सम्बन्धी व्यवस्था** : (१) दफा (८) को उपदफा (१) बमोजिमको विवरण तथा अभिलेखको विश्लेषण गरी आवश्यकता अनुसार ऋणी, जमानी, सञ्चालक, पूर्व सञ्चालक, व्यवस्थापक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी वा निजका परिवार वा नातेदारको बैङ्क खाता, चल अचल सम्पत्ति तथा राहदानी रोक्का, नाम कालोसूचिमा राख्ने वा अन्य आवश्यक कार्य गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा लेखी पठाइनेछ।

(२) ऋण असुली सम्बन्धमा समितिले ऐनमा लेखिए देखि बाहेक देहायको तरिका अपनाउन सक्नेछः

(क) ऋणी वा सम्बन्धित व्यक्ति वा कर्मचारीलाई ऋण चुक्ता गर्न सूचना गर्ने,

(ख) ऋणी वा सम्बन्धित व्यक्ति वा कर्मचारीको तिनपुस्ते खुल्ने गरी नाम सार्वजनिक गरी ऋण चुक्ता गर्न सूचना गर्ने,

(ग) ऋण चुक्ता नगर्ने ऋणीको दृष्टिबन्धक गरिएको सम्पत्तिलाई नियन्त्रणमा लिने, मूल्याङ्कन गर्ने र लिलाम बिक्री समेत गर्ने।

(घ) सम्पत्ति जफत, नियन्त्रण वा मूल्याङ्कन गर्दा कम्तिमा पाँच जना स्थानीय भद्रभलादमी र सम्बन्धित वडा कार्यालयको प्रतिनिधि वा सरकारी कार्यालयको प्रतिनिधि वा नेपाल प्रहरीको प्रतिनिधि मध्ये कम्तिमा एक कुनै प्रतिनिधिको उपस्थिति सुनिश्चित गरी मुचुल्का रोहबरमा राख्ने।

(ङ) ऋण असुलीको क्रममा ऋणी वा निजको परिवार, बचत अपचलनमा संलग्न नातेदार वा ऋण अपचलनसँग सम्बन्धित देखिएका व्यक्तिको चल अचल सम्पत्ति, कम्पनी भए गरेका लगानी पत्ता लागेमा बैङ्क खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्ने।

(३) ऋणीले ऋणको दायित्व भूक्तानी गर्दा कुल दायित्व रकमको गणना देहायको बमोजिम गर्नुपर्नेछः

समस्याग्रस्त सहकारी समायोजन समिति

(क) ऋणीले मिति २०७६।०४।०१ भन्दा अघि लिएको ऋणको कुल दायित्व गणना गर्दा ऋण सम्झौता एवं तमसुकको आधारमा गणना गर्ने तर व्याजदर नखुलेको अवस्थामा सन्दर्भ व्याजदर सोह्र प्रतिशतका दरले गणना गर्ने,

(ख) मिति २०७६।०४।०१ भन्दा पछिको ऋण वा ऋणको दायित्व गणना गर्दा ऋण सम्झौता एवं तमसुकको आधारमा गणना गर्ने
तर त्यस्तो सम्झौता एवं तमसुकमा भएको व्याजदर सन्दर्भ व्याजदरभन्दा बढी भएमा सन्दर्भ व्याजदरको आधारमा व्याज तथा हर्जना गणना गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिमको ऋण सम्झौता एवं तमसुकमा जुनसुकै कुरा लेखिएको भएतापनी व्याज र हर्जना पूँजीकृत गरी दायित्व गणना गरिने छैन, हर्जना कुल व्याजको पाँच प्रतिशतभन्दा बढी हुने गरी गणना गरिने छैन साथै व्याज र हर्जना बाहेक अन्य कुनैपनि शुल्कहरू गणना गरिने छैन ।

(४) ऋण भुक्तानी गर्ने ऋणीले रोक्का रहेको बैंक खाताको रकमबाट ऋण भुक्तान गर्न चाहेमा सो प्रयोजनका लागि मात्र उक्त बैंक खाता समितिले फुकुवा गर्न सक्नेछ।

(५) समस्याग्रस्त सहकारीबाट ऋण लिएका ऋणी विदेशमा रहेको वा शारीरिक वा मानसिक रुपले अशक्त भएको वा थुना वा कैदमा रहेको वा अन्य कुनै मनासिब कारणले स्वयं उपस्थित हुन नसकेमा

समितिले त्यस्ता ऋणीको तर्फबाट हुने बचत मिलान वा ऋण भुक्तानी कार्य निजको वारेस मार्फत गर्न सक्नेछ।

(६) ऋण भूक्तानी बाँकी रहेका ऋणीले समितिले निर्धारण गरेको मितिभित्र ऋण भुक्तानीको स्पष्ट कार्ययोजना सहित निजहरुले भुक्तानी गर्नुपर्ने कूल ऋणको कम्तिमा पच्चीस प्रतिशत रकम दाखिला गरी समितिले कायम गरेको व्याज, हर्जाना हेरी ऋण विवरण अद्यावधिक गरीपाऊँ भनी निज वा निजको तर्फबाट सम्बन्धित कुनै व्यक्तिले निवेदन दिएमा ऋण विवरण पुनरावलोकन गरिने र आपसी वार्ताद्वारा क्रमशः ऋण भुक्तानीको लागि समय उपलब्ध गराउइने छ ।

(७) समस्याग्रस्त सहकारीको ऋण असूलीको सम्बन्धमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायाधिकरण र सहकारी विभाग र प्रादेशिक वा स्थानीय तहका निकाय वा अन्य निकायहरुसँग समन्वय गरिने छ ।

परिच्छेद-४

बचत तथा ऋण मिलान सम्बन्धी व्यवस्था

१०. **बचत तथा ऋण मिलान सम्बन्धी व्यवस्था** : (१) बचत कर्ताको ऋण भुक्तानी दायित्व देखिएकोमा निजको बचत वा निजका एकाघरका परिवारका सदस्यहरुको बचत संयुक्त निवेदनका आधारमा मिलान गरिने छ। यसप्रकारको बचत मिलानमा ऋणीले मिलान पूर्व कुनै रकम दाखिला गर्नुपर्ने छैन तर मिलान पछी बाँकी रहने ऋण समितिले तोकेको समयभित्र चुक्ता गर्नु पर्नेछ ।

(२) ऋणीको ऋण एकाघर बाहेकका ऐनको दफा २घ. (१) अनुसारको परिवार सदस्यको परिभाषाभित्र पर्ने सम्बन्धित व्यक्ति वा नातेदारहरुको बचतबाट मिलान गर्दा मिलान गर्नुपर्ने कूल ऋणको दश

प्रतिशतले हुने रकम अग्रिम रुपमा दाखिला गरी र अन्य बचतकर्ता व्यक्तिहरुको बचत ऋण भुक्तानीमा मिलान गर्दा बीस प्रतिशतले हुने रकम अग्रिम रुपमा सम्बन्धित ऋणीले दाखिला गरी संयुक्त निवेदन दिएमा सोही बमोजिम मिलान गरिनेछ ।

(३) उपदफा (१) वा उपदफा (२) बमोजिम बचत मिलान गर्दा बाँकी रहने ऋण चुक्ताको हकमा बढीमा तीन महिनाभित्रको बैङ्क ग्यारेण्टी पेश गरेको र समस्याग्रस्त सहकारीमा अन्य कुनै दायित्व नदेखिएको अवस्थामा निजको रोक्का रहेको बैङ्क खाता वा जेथा वा शेयर लगानी वा सवारी साधन आदिको रोक्कालाई फुकुवा गर्न सकिने छ ।

(४) बचत मिलानको क्रममा ऋणी र बचतकर्ता आपसमा मिलि मेलमिलाप पद्धतिद्वारा बचत फिर्ता र ऋण चुक्ताको कार्ययोजना सहित संयुक्त निवेदन दिएमा अन्य बचतकर्ताको बचत सुनिश्चतता सहितको सम्बन्धित समस्याग्रस्त सहकारीको वित्तीय अवस्था हेरी समितिले मेलमिलाप पद्धतीद्वारा ऋण भुक्तानी र बचत मिलानको प्रस्तावलाई स्वीकार गरी आवश्यक सहजीकरण गर्न सक्ने छ ।

(५) समितिबाट पहिचान भएका सञ्चालक, पूर्व सञ्चालक, व्यवस्थापक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी वा निजका परिवारको बचत मिलान कार्य फरफारकको समयमा मात्र हुनेछ ।

(६) उपदफा (५) बाहेकका अन्य कर्मचारीहरुको बचत मिलानको हकमा नियमित बचतको मात्र मिलान हुने, सञ्चयकोष, उपदानकोष समेतका अन्य स्रोतहरुको सन्दर्भमा मिलान गरिने छैन ।

परिच्छेद -५

संस्थाको बचत बाहेकको अन्य दायित्व भुक्तानी सम्बन्धी

११. **<u>प्राथमिकता कायम गर्नु पर्ने</u>** : (१) समितिले समस्याग्रस्त सहकारीको बचत दायित्व भुक्तानी पश्चात बाँकी रहेको अन्य दायित्व भुक्तानी गर्नको लागि देहायको प्राथमिकता कायम गर्नेछः-

(क) संस्थाले तिर्नुपर्ने तलब, भत्ता, भाडा, आदि सञ्चालन खर्चको दाबी रकम भुक्तानी

(ख) सरकारी बाँकी बक्यौता वा कुनै हकदाबी भएमा त्यस्तो बाँकी बक्यौता वा हकदाबीको रकम भुक्तानी

(ग) समस्याग्रस्त संस्थालाई अपार्टमेण्ट वा जग्गाको लागि अग्रिम रुपमा रकम बुझाउने व्यक्तिहरुको दाबी भुक्तानी,

(घ) समस्याग्रस्त संस्थाको सबै प्रकारका ऋण सापटीको दाबी भुक्तानी,

(ङ) संस्थाको अन्य साहूहरुको दाबी भुक्तानी।

१२. **<u>दायित्व भुक्तानीको प्रक्रिया</u>** : ऐनको दफा १०८ को उपदफा (१) बमोजिम समिति समक्ष प्राप्त भएको जम्मा रकम मागदाबीकर्तालाई बचत मागदाबी बाहेकको भुक्तानी गर्दा देहायको बमोजिम गरिनेछः-

(क) समितिको खातामा जम्मा हुन आएको रकम मागदाबीकर्तालाई दफा ११ को प्राथमिकताका आधारमा मागदाबीमा नबढ्ने गरी समान रुपमा गरिनेछ,

(ख) दामासाहीले बचतकर्तालाई रकम फिर्ता गर्दा समितिले निर्धारण गरेको प्रतिशतको आधारमा गरिनेछ,

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(ग) मागदाबीकर्तालाई रकम फिर्ता गर्दा बैंक मार्फत मागदाबीकर्ताको बैंक खातामा जम्मा हुने गरी गरिनेछ,

(घ) भुक्तानी सम्बन्धी अन्य कुरा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद -६

संस्थाको ऋण, पेश्की तथा सापटी असुली सम्बन्धी थप व्यवस्था

१३. **संस्थाको ऋण, पेश्की तथा सापटी असुली सम्बन्धी थप व्यवस्था** : (१) समितिले समस्याग्रस्त संस्थाका ऋणी, बचतकर्ता वा निलम्बित सञ्चालक, पूर्व सञ्चालक र तेस्रो पक्षबीच मिलापत्रको माध्यमबाट देहाय बमोजिमका असुली मिलानका कार्यहरु गर्नेछः-

(क) समस्याग्रस्त संस्थाका ऋणी, निलम्बित सञ्चालक, पूर्व सञ्चालक, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी, व्यवस्थापकको संस्था आदिका कुनै सूचिकृत कम्पनीमा शेयर रहेछ भने उक्त शेयर लिलाम बिक्रि गरी ऋण असूल उपर गरिने,

(ख) समस्याग्रस्त सहकारी संस्थाबाट सञ्चालित परियोजनाका चल/अचल सम्पत्ति, परियोजना/उद्योग धन्दा बेचविखन गरी वा सञ्चालन गर्न दिई असुली हुन सक्ने आधार देखिएमा समितिले आवश्यक सर्तसहित सोको व्यवस्थापन गर्नेछ,

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(ग) समस्याग्रस्त संस्थाका अचल सम्पत्तिहरु बैंक तथा वित्तीय संस्थाबाट रोक्का रही लिलामी प्रक्रियामा रहेका यस समितिबाट समेत दोस्रो रोक्का राखिएकोमा रोक्का राखिएको सम्पत्तिहरुको लगत उतार गरी उक्त सम्पत्तिहरु लिलाम बिक्रि गर्ने सन्दर्भमा सम्बन्धित बैंक, वित्तीय संस्थाहरुसँग समितिबाट समन्वय गरी असुलीका कार्यहरु गरिनेछ,

(घ) समस्याग्रस्त पूर्व भएका संस्थाका ऋणी सदस्यहरु तथा बचतकर्ताका हिसाब मिलान छुट हुन गएका रहेछन भने त्यस्ता हिसाब मिलानको कानून बमोजिमको स्पष्ट खुल्ने गरी प्राप्त प्रमाणका आधारमा दायित्व मिलान व्यवस्थापन गरिनेछ।

परिच्छेद- ७

भौतिक सम्पत्ति मूल्याङ्कन तथा व्यवस्थापन सम्बन्धी

१४. **मूल्याङ्कन टोली** : (१) ऐनको दफा १०६ को खण्ड (ज) बमोजिम समितिले समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति बिक्री, उपयोग व्यवस्थापनको लागि समस्याग्रस्त सहकारीले सञ्चालन गरेका मार्ट, अस्पताल, कम्पनी, उद्योग, अन्य व्यवसाय आदिको मूल्याङ्कनको लागि अधिकृत कर्मचारीको नेतृत्वमा मूल्याङ्कन टोली गठन गर्नेछ।

१५. **मूल्याङ्कन टोलिको काम, कर्तव्य र अधिकार** : मुल्याङ्कन टोलीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) व्यवसाय सञ्चालनमा रहेको जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय वा स्थानिय तहका प्रमुख वा निजले तोकेको प्रतिनिधिको संयोजकत्वमा मूल्याङ्कन सम्बन्धमा सर्वपक्षिय बैठक गर्ने ।

(ख) सर्वपक्षिय बैठकको निर्णयानुसार प्रतिनिधिहरुको रोहोबरमा मूचुल्का उठाई भौतिक संरचना खोल्ने।

(ग) व्यवसायमा रहेका काम नलाग्ने, सडे गलेका र अवधि नाघेका सामग्रीहरु सङ्कलन गरी स्टकबाट हटाउने र नष्ट गर्ने ।

(घ) समस्याग्रस्त सहकारी संस्थाका फर्निचर, कम्प्यूटर उपकरण जस्ता जिन्सी मालसामान र अन्य विद्युतीय अभिलेखहरु समेत मूल्याङ्कन गरी व्यवस्थापनको लागि समिति समक्ष पेश गर्ने तथा बाँकी रहेका सामानहरुको मूल्याङ्कन गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी पेश गर्ने।

(ङ) मार्ट मूल्याङ्कन सम्पन्न भएको ७ (सात) दिन भित्र टोली प्रमुखले व्यवसायको समुचित मूल्याङ्कन गर्ने,

(च) संस्थाको लगानीमा कम्पनी ऐन अन्तर्गत रहेको (जग्गा जमिन भवन संरचना बाहेक) एग्रो, अस्पताल, काउफार्म, शैक्षिक संस्था, हाईड्रो जस्ता निकायमा रहेको सम्पत्तिको आफैंले वा विशेषज्ञबाट मूल्याङ्कन गराई व्यवस्थापन गर्ने।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(छ) मूल्याङ्कन टोलिले आवश्यक ठानेमा मूल्याङ्कन टोलिमा अन्य सम्बन्धित विषयको विज्ञ प्रतिनिधि समेत आमन्त्रण गर्न सक्ने छ ।

(ज) सम्पत्ति मूल्याँकनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा समितिको निर्णय अन्तिम हुनेछ ।

१६. **मूल्याङ्कनका आधारहरु** : (१) दफा १५ बमोजिम समितिको कार्यालयबाट खटिएको मूल्याङ्कन टोलिले देहाय बमोजिमका आधारमा व्यवसायमा रहेका भौतिक सामाग्रीहरु मूल्याङ्कन गरी मूल्य कायम गर्नुपर्छ।

(क) भौतिक संरचनाहरुः व्यवसाय सञ्चालनको लागि निर्माण गरिएका फर्निचर, ए.सी., कम्प्युटर, पर्टिसन आदीहरु पुनः प्रयोग हुन सक्ने वा नसक्ने छुट्याई पुन प्रयोग हुन सक्ने सामानहरुको प्रतिनिधिसंगको छलफलबाट पंचकृत मूल्य कायम गर्ने र पुनः प्रयोग हुन नसक्ने सामानहरुको कवाडी मूल्य कायम गर्ने ।

(ख) मार्टमा बिक्रिको लागि राखिएका मदिराजन्य सामानहरुको अधिकतम बिक्रि मूल्य (MRP) को बढीमा तिस प्रतिशत घटाई मूल्य कायम गर्ने र अधिकतम बिक्रि मूल्य (MRP) मूल्य उल्लेख नभएका मदिराजन्य सामानहरुमा हालको प्रचलित मूल्यको बढीमा तिस प्रतिशत घटाई मूल्य कायम गर्ने ।

समस्याग्रस्त सहकारी एकीकरण तथा समायोजन समिति

(ग) मार्टमा रहेका एक हजार रुपैंया भन्दा माथी अधिकतम बिक्रि मूल्य (MRP) मूल्य रहेका इलेक्ट्रोनिक सामानहरुको अधिकतम बिक्रि मूल्य (MRP) मूल्यमा बढिमा पचास प्रतिशत घटाइ मूल्य कायम गर्ने । एक हजार रुपैंया भन्दा कम मूल्य रहेका सामानहरु र अधिकतम बिक्रि मूल्य (MRP) उल्लेख नभएका इलेक्ट्रोनिक सामानहरुको पंचकृत मूल्य कायम गर्ने।

(घ) कपडाका सामानहरु र जुत्ताको अवस्था हेरेर एक हजार पाँच सय रुपैंया भन्दा बढी मूल्य भएका सामानहरुको अधिकतम बिक्रि मूल्य (MRP) मूल्यमा बढीमा पचास प्रतिशतसम्म घटाई मूल्य कायम गर्ने र एक हजार रुपैंया भन्दा कम मूल्यका सामानहरु र अधिकतम बिक्रि मूल्य (MRP) उल्लेख नगरिएका सामानहरुको पँचकृत मूल्य कायम गर्ने।

(ङ) तामा, कास, पित्तल, फलामका भाडाकुडा तौल लिएर तौलका आधारमा बजार मूल्यमा बढीमा तिस प्रतिशत घटाई मूल्य कायम गर्ने वा पँचकृत मूल्य कायम गर्ने।

(च) खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको पँचकृत मूल्य कायम गर्ने ।

(छ) पाँच सय रुपैंया भन्दा बढी अधिकतम बिक्रि मूल्य (MRP) रहेका सौन्दर्य प्रशोधनका सामानहरुको अधिकतम बिक्रि मूल्य (MRP) को बढीमा सत्तरी

प्रतिशत घटाई मूल्य कायम गर्ने र पाँच सय रुपैंया भन्दा कम अधिकतम बिक्रि मूल्य (MRP) रहेका सामानहरुको पँचकृत मूल्य कायम गर्ने।

(ज) संख्या गन्न नसकिने अवस्थामा रहेका सामानहरुको एकमुष्ठ पँचकृत मूल्य कायम गर्ने ।

(झ) नाम पहिचान नभएका, अधिकतम बिक्रि मूल्य (MRP) उल्लेख नभएका, MRP नबुझिने अवस्थामा रहेका खण्ड (क) देखि (ज) सम्मका सामानहरु बाहेक अन्य सामानहरुको पँचकृत मूल्य कायम गर्ने।

(ञ) मूल्याङ्कनको क्रममा कुनै द्वविधा भएमा अध्यक्षको निर्देशन अनुसार गर्ने/ गराउने ।

(२) समस्याग्रस्त सहकारी संस्थाको लगानीमा कम्पनी ऐन अन्तर्गत सञ्चालित एग्रो, काउफर्म, अस्पताल, मेसिनरी सामान, शैक्षिक संस्था, सम्पत्तिहरु (अचल सम्पत्ति जस्तैः जग्गा, जमिन भवन बाहेक) तथा अन्य उद्यमहरुको मूल्याङ्कन आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञ नियुक्त गरी दफा १५ बमोजिमको मुल्याङ्कन टोलीबाट गराउनुपर्नेछ।

(३) यस दफा बमोजिमको कार्य गर्दा कुनै विषयमा द्विविधा भएमा समितिको निर्णय वा प्रत्यक्ष निर्देशन बमोजिम गर्नुपर्नेछ।

परिच्छेद -८

सम्पत्ति धितो लिलाम सम्बन्धी

१७. **सम्पत्ति धितो लिलाम सम्बन्धी व्यवस्था** : (१) कुनै सदस्यले समस्याग्रस्त सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा सर्त कबुलियतको पालना

नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, व्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिँदा राखेको धितोलाई समितिले लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, व्याज र हर्जाना असूल उपर गर्न सक्नेछ।

(२) कुनै सदस्यले समस्याग्रस्त सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) र (२) बमोजिमको धितोबाट पनि साँवा, व्याज र हर्जाना असूलउपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाको बिक्रिबाट पनि साँवा, व्याज र हर्जाना असूल उपर गर्न सकिनेछ।

(४) यस दफा बमोजिम साँवा, व्याज र हर्जाना असूल उपर गर्दा लागेको खर्च तथा असूल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम समितिले ऋणीको धितो वा अन्य जायजेथा लिलाम विक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी समितिलाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति पुनःमूल्याङ्कन गरी लिलामीको लागि समितिले सूचना गर्नेछ। सो पश्चात्त समेत लिलाम कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति समितिले वार्ता वा अन्य सहमतीको आधारमा मूल्य कायम गरी बिक्रि गर्न सक्नेछ।

१८. **<u>बाँकी बक्यौता असूल उपर गर्ने</u>** : कुनै व्यक्तिले समस्याग्रस्त सहकारी संस्थालाई तिर्नु बुझाउनु पर्ने दायित्व भुक्तानी नगरी बाँकी राखेमा त्यस्तो दायित्व समितिले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गर्न सक्नेछ ।

१९. **<u>ऋण असुली तथा बाँकी बक्यौता</u>** : (१) ऐनको दफा ७९ बमोजिम समस्याग्रस्त सहकारी संस्थाको ऋण र दफा ८३ बमोजिम समस्याग्रस्त सहकारी संस्थाको बाँकी बक्यौता असूल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम विक्री गरी असूल उपर गर्दा समितिले देहायको प्रक्रिया अपनाउनेछः-

(क) बाँकी बक्यौता तिर्नु, बुझाउनुपर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी, बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने,

(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी, बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्ने,

(ग) धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने,

(घ) धितो राखेको चलअचल सम्पत्तिको लिलाम बिक्री गर्दा धितोको विवरण, निजले बुझाउनुपर्ने सावाँ, व्याज र हर्जानाको रकमसमेत उल्लेख गरी चल सम्पत्ति भए पन्ध्र दिन र अचल सम्पत्ति भए पैंतीस दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी सावाँ, व्याज र हर्जानाको रकम असूलउपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै समितिको वेभसाईटमा समेत प्रकाशन गर्ने,

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा वेभसाईटमा प्रकाशित सूचना बमोजिम लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन ।

(ङ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्ने, तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नुपर्छ तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरु मध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गर्ने, तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन।

(छ) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहीछाप गराउने।

(२) लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखितरुपमा अनुरोध गर्दा समेत कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ।

(४) जुन व्यक्तिको चलअचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

२०. **लिलाम बिक्री स्थगित गर्न सक्ने** : लिलाम बिक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले ऋण चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र ऋण चुक्ता गर्न ऋणी सदस्य र संस्थावीच सहमति भई लिलाम बिक्री स्थगित गर्नुपर्ने देखिएमा समितिले त्यस्तो लिलाम बिक्री केही समयका लागि स्थगित गर्न सक्नेछ ।

२१. **असूलउपर हुन नसकेको रकम अरु जायजेथाबाट असूल उपर गर्ने** : (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट सावाँ, व्याज र हर्जानाको रकम असूलउपर हुन नसकेमा ऐन तथा प्रचलित कानुनबमोजिम बाँकी बक्यौता असूल उपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट उल्लिखित कार्यविधि अपनाई लिलाम बिक्री गरी असूलउपर गर्नुपर्नेछ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी सावाँ, व्याज र हर्जानाको रकम असूलउपर गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको सावाँ, व्याज र हर्जानाको रकम असूलउपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनुपर्नेछ ।

२२. **लिलाम सकार्ने व्यक्तिबाट रकम असूल गर्ने** : (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन धरौटीको रुपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले तिस दिनभित्र बुझाइसक्नु पर्नेछ । उक्त म्याद भित्र नबुझाएमा धरौटीबापत राखेको रकम जफत हुने व्यहोराको कागज गराइराख्नु पर्नेछ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस कार्यविधि बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरिदिनका लागि समितिले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

परिच्छेद-९

विविध

२३. **निवेदन दिन सक्ने** : (१) कुनै ऋणीले आफ्नो अभिलेख अध्यावधिक नभएको र भइरहेको अभिलेखमा अधिक व्याजदर कायम गरिएको वा हर्जाना बाहेकको अन्य विविध शुल्क जोडिएको वा व्याजलाई पुँजिकरण गरिएको वा अन्य कुनै कानून एवं न्यायोचित कारणले कायम भएको

ऋण सम्बन्धि अभिलेखमा पुनःपरीक्षण (पुनरावलोकन) गरिपाँऊ भनी निवेदन दिन सक्ने छ।

(२) यसरी निवेदन दिन चाहने ऋणी वा निजको परिवारका सदस्य वा तोकिएका नातेदारले तत्काल कायम भएको भुक्तानी गर्नुपर्ने ऋण दायित्व रकमको कम्तिमा पच्चीस प्रतिशतले हुने रकम दाखिला गरेमा हाल कायम भएको अभिलेखमा पुनरावलोकन गरी संशोधित हुन आउने रकम भुक्तानी गर्न जानकारी गराइने छ।

२४. **स्टेटमेन्ट उपलब्ध गराउने** : (१) बचतकर्ताले फिर्ता पाउनु पर्ने रकम वा ऋणीले भुक्तानी दिनुपर्ने रकमको स्टेटमेन्ट निवेदन साथ माग गरेमा सम्बन्धित बचतकर्ता वा ऋणीलाई मासिक एकपटक निःशुल्क रुपमा उपलब्ध गराइने छ ।

(२) स्टेटमेन्ट बाहेकका अन्य कागजातहरुको नक्कल लिन चाहने बचतकर्ता वा ऋणीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ तथा अदालती नियमावलीहरु सरह निवेदन बापत दश रुपैंया र नक्कल बापत प्रतिपृष्ठ दश रुपैंयाले हुने रकम राजस्व दाखिला गरी भौचर सहित निवेदन दिएमा माग भएको कागजात (बिषयवस्तु) गोपनीयता कायम गर्नुपर्ने देखिएकोमा बाहेक अन्यको प्रतिलिपि सदस्य सचिव वा निजले तोकेको अधिकृतले प्रमाणित गरी उपलब्ध गराउने छ ।

२५. **अलग गरी (डिमर्ज) कार्य सम्पादन गर्न सकिने** : समस्याग्रस्त घोषित गर्दा दुई वा बढी समस्याग्रस्त सहकारीहरु आपसमा गाभीइ (मर्ज भइ) घोषित गरिएको तर मर्ज पछि संयुक्त कारोबार नभएको वा संयुक्त कारोबार गर्न कठिनाई परेको वा मर्जरको औचित्य नदेखिएको समस्याग्रस्त सहकारीहरुलाई सहकारी विभागको पूर्व स्वीकृतिमा अलग (डिमर्ज) गरी कार्य सम्पादन गर्न सकिनेछ ।

२६. **<u>समस्याग्रस्त सहकारीको सम्पत्तिको व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था</u>** : (१) कुनै समस्याग्रस्त सहकारीको बचत फिर्ता वा ऋण असुलीको कार्यलाई एकिकृत रुपमा सम्पन्न गर्ने गराउने सम्बन्धमा तत्काल मागदाबी भएका बचत फिर्ता गर्न बाँकी रहेका कूल बचतकर्ता मध्ये कम्तिमा एकाउन्न प्रतिशत बचतकर्ता हुनेगरी सबै साना बचतकर्ताको बचत रकम भुक्तानी सम्बन्धित समस्याग्रस्त सहकारीको खातामा जम्मा गर्ने र बाँकी रहेका बचतकर्तामध्ये कम्तिमा एकाउन्न प्रतिशत मागदाबी भएको बचत रकमको प्रतिनिधित्व हुने गरी बचतकर्ताको भेलाबाट सहमति लिई कुनै समस्याग्रस्त सहकारीको सम्पूर्ण सम्पत्तिको व्यवस्थापन गर्न इच्छुक सम्बन्धित समस्याग्रस्त सहकारीका सदस्य वा सदस्यहरु मिलि बनेको तदर्थ समितिले समिति समक्ष लिखित कार्ययोजनाको प्रस्ताव पेश गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न समितिको वेबसाइटमा पन्ध्र दिने सूचना प्रकाशन गरी पेश हुन आएको कार्य योजनालाई कार्यदिश दिई कार्य सम्पन्न गर्ने व्यवस्था गर्न सकिनेछ।

(३) यस दफाको कार्यान्वयन प्रत्यक्ष रुपमा समितिको नियन्त्रण एवं निर्देशनमा हुनेछ।

२७. **<u>निर्णय कार्यान्वयन</u>** : (१) समितिको निर्णय कार्यान्वयन गर्नु सदस्य सचिवको दायित्व हुनेछ।

(२) समितिको कार्यसम्पादनमा समिति र सदस्य सचिवलाई सहयोग गर्नु तथा निर्णय एवं निर्देशनको पालना गर्नु प्रत्येक कर्मचारीको कर्तव्य हुने छ ।

(३) तोकिएको काम कारबाहीका सम्बन्धमा सदस्य सचिव समितिप्रति तथा कर्मचारी सदस्य सचिव तथा समितिप्रति उत्तरदायी भइ कार्य सम्पादन गर्नुपर्छ।

२८. **पुरस्कृत गर्ने**: (१) समितिको काममा सूचना दिई वा अन्य कुनै तरिकाले उल्लेखनीय सहयोग गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने सम्बन्धमा समितिले निर्णय गरी मन्त्रालयमा पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यक्ति वा संस्थालाई मन्त्रालयबाट स्वीकृत भएबमोजिमको पुरस्कार उपलब्ध गराइनेछ।

(३) समितिको काममा उल्लेखनीय भूमिका निर्वाह गर्ने कर्मचारीमध्येबाट समितिले निर्णय गरी बढीमा दुई जनालाई निजामति सेवा दिवसको अवसरमा प्रसंशा पत्र सहित पुरस्कृत गर्न सकिनेछ।

स्पष्टिकरण: यस उपदफाको प्रयोजनका लागि "कर्मचारी" भन्नाले अधिकृत कर्मचारीको अधिनस्थ भई कार्यरत समितिका राजपत्र अनङ्कित कर्मचारीलाई सम्झनुपर्छ।

२९. **प्रचलित कानून बमोजिम हुने**: (१) यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कुनै नेपाल कानूनसँग बाझिएमा प्रचलित नेपाल कानून बमोजिम नै हुनेछ।

३०. **कार्यविधिको व्याख्या गर्ने अधिकार** : कार्यविधिको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

३१. **खारेजी र बचाउ**: (१) यो कार्यविधि प्रारम्भ हुनु अघि समितिले स्वीकृत गरी जारी भएका कार्यविधि खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका कार्यविधि अनुसार भए गरेका कामकारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिने छ।

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

मागदाबीमा भर्नुपर्ने विवरण तथा पेश गर्नुपर्ने प्रमाणहरु

क्र.सं.	विवरण तथा प्रमाण	कैफियत
१.	बचतकर्ताको नामथर, तिनपुस्ते विवरण	
२.	बचतकर्ताको ठेगाना र नागरिकताको विवरण	स्क्यान प्रति पेश गर्नुपर्ने
३.	बचतकर्ताको बचत रकम र बचत जम्मा गरेको मिति	
४.	बचतकर्ताको बैंक सम्बन्धी विवरण	
५.	को खाता नं वा आईडी	
६.	बचतको पासबुक वा प्रमाणपत्र	स्क्यान प्रति पेश गर्नुपर्ने
७.	एकाघरको मागदाबीमा प्रमाण खुल्ने कागजात	स्क्यान प्रति पेश गर्नुपर्ने
८.	अनलाइन प्रणालीमा भएको अन्य आवश्यक विवरण तथा कागजात	

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

अनुसूची-२

(दफा १५ को खण्ड (घ) सँग सम्बन्धित)

मालसामान मूल्याङ्कन फारामको ढाँचा

क्र.सं.	माल सामानको नाम	परिमाण	सामानको अवस्था	हाल प्रयोग रहेको स्थान	पुन प्रयोग हुन सक्ने नसक्ने	मूल्याङ्कनको आधार	प्रति इकाई मूल्यांकन	जम्मा मूल्य	कैफियत

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति